# नेपाल विद्युत प्राधिकरण

## वितरण तथा ग्राहक सेवा निर्देशनालय

## Electricity Supply Reliability Improvement Project (ESRIP)

### घर भाडामा लिने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०६/०७

नेपाल विद्युत प्राधिकरण अन्तर्गत सञ्चालनमा रहेको Electricity Supply Reliability Improvement Project (ESRIP) को आयोजना कार्यालय स्थापना तथा आयोजना सम्वन्धी कार्य सञ्चालनका लागि सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका क्षेत्रभित्र कार्यालय प्रयोजनका लागि उपयुक्त घर भाडामा लिनुपर्ने भएकोले देहायका न्यूनतम मापदण्ड पूरा गर्ने घरधनी/इच्छुक व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समय भित्र आफूले दिन सक्ने मासिक घर वहाल रकम (घर वहाल करसहित) स्पष्ट उल्लेख गरी सिलबन्दी प्रस्ताव पेश गर्नुहुन नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली २०६८ को विनियम १८१(१) मा भएको व्यवस्था बमोजिम यो सुचना प्रकाशित गरिएको छ ।आयोजना कार्यालयका लागि कम्तीमा तीन तल्ला, न्यूनतम ३,६०० वर्गफिट निर्माण क्षेत्रफल तथा ५/६ वटा सवारी साधन पार्किङ गर्न सकिने खाली जग्गासहितको घर आवश्यक रहेकोछ ।

१. स्थान:
घर भाडा लिने स्थान सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका वडा नं ८ क्षेत्रभित्र, आयोजना कार्यालय सञ्चालन तथा आवतजावतका दृष्टिले उपयुक्त स्थानमा अवस्थित हुनुपर्नेछ।

२. घरको संरचना:
घर कम्तीमा ३ (तीन) तल्लाको तथा कुल निर्माण क्षेत्रफल कम्तीमा ३,६०० वर्गफिट तथा कम्तीमा ५/६ वटा सवारी साधन सहज रूपमा पार्किङ गर्न सकिने पर्याप्त खुला स्थान भएको हुनुपर्नेछ।

३. कम्पाउण्ड तथा सुरक्षा:
घरको परिसर सुरक्षित हुनुपर्ने तथा कम्पाउण्ड वाल/घेरावार भएको हुनुपर्नेछ।

४. कार्यालय प्रयोजनका लागि उपयुक्तता:
घरको कोठा तथा संरचना कार्यालय सञ्चालन, बैठक, कर्मचारी कार्यकक्ष, अभिलेख व्यवस्थापन तथा अन्य आयोजना सम्वन्धी कार्यका लागि प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ।

५. आधारभूत सुविधा:
घरमा विद्युत, खानेपानी, धारा, भान्सा, शौचालय तथा आवश्यक सरसफाइको सुविधा उपलब्ध हुनुपर्नेछ। घर उपलब्ध गराउदा रंगरोगन गरि उपलब्ध गराउनु पर्नेछ ।

६. पेश गर्नुपर्ने कागजातहरू:
प्रस्तावसाथ देहायका कागजातहरूको प्रतिलिपि पेश गर्नुपर्नेछ:
क) घरधनीको नेपाली नागरिकताको प्रमाणपत्र,

ख) घर/जग्गाको स्वामित्व प्रमाणित गर्ने जग्गाधनी प्रमाणपूर्जा,
ग) घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्न प्रमाणपत्र,
घ) चालु आर्थिक वर्षसम्मको घर/जग्गाको कर तिरेको प्रमाण, र
ङ) पानी तथा विद्युत महसुल चुक्ता गरेको पछिल्लो प्रमाण।
च) हालै खिचेको घरको कम्पाउण्ड समेत देखिने रंगिन तस्विर।

७. प्रस्तावित घर बहाल रकमः
घरधनीले आफूले घर भाडामा दिन चाहेको मासिक घर बहाल रकम घर बहाल करसहित अंक र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

८. करः
नेपाल सरकारको प्रचलित कानूनबमोजिम लाग्ने घर बहाल कर तथा अन्य करसम्बन्धी व्यवस्था प्रचलित कानूनअनुसार हुनेछ।

९.घरनिरीक्षणः
नेपाल विद्युत प्राधिकरण/आयोजनाले आवश्यकता अनुसार प्रस्तावित घरको स्थलगत निरीक्षण तथा प्राविधिक उपयुक्तता परीक्षण गर्नेछ ।उपयुक्तता परीक्षण गर्दा विद्युत, खानेपानी, धारा, भान्सा, शौचालयहरुको मर्मत सम्भार गर्नु पर्ने आवश्यकता भएमा मर्मत गरि उपलब्ध गराउनु पर्नेछ ।

१०. प्रश्ताव स्विकृत वा अस्वीकृत गर्ने अधिकार

प्राप्त प्रस्तावहरूमध्ये उपयुक्त प्रस्ताव स्वीकृत गर्ने वा कारणवश कुनै वा सबै प्रस्ताव स्वीकृत नगर्ने अधिकार नेपाल विद्युत प्राधिकरण/आयोजनामा निहित रहनेछ।

११. अन्य व्यवस्थाः
यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू नेपाल विद्युत प्राधिकरणको प्रचलित आर्थिक प्रशासन विनियमावली तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछन्।

सम्पर्कः
नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
Electricity Supply Reliability Improvement Project (ESRIP)
दरवारमार्ग काठमाडौं
977-01-4153128

Nepal Electricity Authority – Electricity Supply Reliability Improvement Project

CamScanner